नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# राष्ट्रिय बाल अधिकार परिषद्

पुल्चोक, ललितपुर

## २०७८ आश्वित महिनाको कार्यसम्पादन सम्बन्धी सार्वजनिक जानकारी-पत्र

वर्ष-२ अंक-३

### १. परिचय

संघीय सरकारले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ ले व्यवस्था गरे अनुरुप बाल अधिकारको संरक्षण र सम्वर्धनका कार्यहरु गर्न गराउनका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा राष्ट्रिय बाल अधिकार परिषद् गठन गरेको छ । यस परिषद्ले तिनै तहका सरकारहरुलाई नीतिगत परामर्श, क्षमता विकासका कार्यक्रमहरु तथा बाल संरक्षण प्रणाली (बाल हेल्पलाइन सेवा १०९८ र बालबालिका खोजतलास सेवा १०४) को सञ्चालन गर्ने कार्य गर्दछ । बाल अधिकारको संरक्षण र सम्वर्धनका लागि प्रदेश तथा स्थानीय सरकारहरुसँग समन्वय, सहकार्य गर्नुका साथै संघीय तहमा अन्तरमन्त्रालय समन्वयका कार्यहरु गर्ने जिम्मेवारी यसै परिषद्को रहेको छ ।

### २. उद्देश्यहरू:


परिषद्को मुख्यमुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- बालबालिकाको अधिकार तथा हक, हितको संरक्षण र सम्वर्धन गर्ने,
- बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिका लागि आवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सुझाव दिने,
- राष्ट्रिय बाल संरक्षण प्रणाली सुदृढ र सवल बनाउन सहजीकरण गर्ने र बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,
- बाल अधिकार संरक्षण तथा प्रवर्धनका लागि सरोकारवालाको क्षमता विकास तथा अभिवृद्धि गर्ने,
- बालबालिका खोजतलास निःशुल्क टेलिफोन नं. १०४ र बाल हेल्पलाइन निःशुल्क टेलिफोन नं. १०९८ को सञ्चालन तथा व्यवस्थापन सहकार्य तथा सहजीकरण गरी हराएका, वेवारिस फेला परेका, जोखिममा परेका बालबालिकाको खोजतलास, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने,
- बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि वैदेशिक अनुदान सहायता समेत परिचालन गरी आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने र प्राथमिकताको आधारमा लक्षित कार्यक्रम तथा अभियान सञ्चालन गर्ने,
- बालबालिकासम्बन्धी सचेतना मूलक सन्देश जागरण अभिवृद्धिको प्रचारप्रसार र प्रकाशन गर्ने,
- बालबालिका सम्बन्धी राष्ट्रिय सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन तथा सुदृढीकरण गर्ने र बालबालिकाको अवस्था तथा बाल अधिकार सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन वार्षिक रूपमा प्रकाशन गर्ने ।

### ३. परिषद्ले २०७८ आश्विन महिनामा सम्पादन गरेका कार्यहरू

#### बालसंरक्षण सम्बन्धी कार्यहरू

(क) परिषद्ले बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ मार्फत देशभर यस महिनामा हराएका, उजुरी परेका २३६ जना (बालक ६१ र बालिका १७५) बालबालिकाको खोजतलास गरी १०९ जना (बालक ३२ र बालिका ७७) बालबालिका फेला पारी परिवारमा पुनर्मिलन गरिएको छ भने १२७ जना बालबालिका (बालक २९ र बालिका ९८)को खोजतलास कार्य जारी रहेको छ । यस महिनामा प्रदेशगत रूपमा हराएका र हराएर फेला परेका बालबालिकाको विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । यसका साथै यस आर्थिक वर्षमा हराएको उजुरी परेका बालबालिका निरन्तर खोजी प्रक्रियाक क्रममा १०८ (बालक २२ र बालिका ८६) जना बालबालिका थप फेला परी परिवारमा पुनःस्थापना गरिएको छ । त्यसैगरी वेवारिस अवस्थामा २५ जना (बालक २२ र बालिका ३) बालबालिका फेला परेका थिए । जसमध्ये १० (बालक ८ र बालिका २) जना बालिकालाई पारिवारिक पुनर्मिलन गरिएको छ भने १५ (बालक १४ र बालिका १)जना बालबालिकालाई अस्थायी संरक्षण सेवा प्रदान गरिएको छ ।




(ख) यस महिनामा ४ (बालक ३ र बालिका १) जना सडक बालबालिकाको उद्धार गरिएको छ । उद्धार गरिएका मध्ये २ जना बालकको परिवारमा पुनर्स्थापना गरिएको छ भने २ (बालक

१ र बालिका १) बालबालिकालाई संस्थागत संरक्षणमा राखिएको छ भने गत आर्थिक वर्षमा र यस आर्थिक वर्षको साउन र भाद्र महिनामा सडकबाट उद्धार गरिएका मध्ये १६ (बालक १० र बालिका ६) जना बालबालिकालाई आश्विन महिनामा परिवारमा पुनर्मिलन गरिएको छ ।

(ग) परिषद्ले विभिन्न १२ वटा सामाजिक संस्थाको सहकार्यमा सञ्चालित १८ वटा स्थानबाट बाल हेल्पलाईन नं. १०९८ मार्फत जोखिममा परेका बालबालिकाको उद्धार, व्यवस्थापन तथा सहयोग हुँदै आइरहेको छ । जस अनुसार चितवन ६, कैलाली ४, बाँके १०, सुर्खेत २०, दैलेख २, रुपन्देशी ३, कास्की १, मकवानपुर ५, सुनसरी २, मोरङ्ग ६, काठमाडौंबाट २६, इलाम ३ र संखुवासभाबाट १ जना गरी कूल ८९ जना (बालक ४६ र बालिका ४३) जोखिम, हिंसा तथा दुर्व्यवहारमा परेका बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ । उद्धार गरिएका मध्ये ३८ बालबालिका (बालक १८ र बालिका २०)लाई परिवारमा पुनर्मिलन गरिएको छ । यस महिना ३२ जना (बालक १८ र बालिका १४)लाई अस्थायी संरक्षण सेवा केन्द्रमा राखिएको छ भने १९ जना (बालक १० र बालिका ९)लाई संस्थागत संरक्षणमा बस्ने व्यवस्था मिलाईएको छ । चालु आ.व.को असोज मसान्तसम्म कुल २१०७ जना बालबालिका (बालक ८१४ र बालिका १२९३)लाई निम्न लिखित सेवाहरू प्रदान गरिएको छः-

| क्र.स. | सहयोगको विवरण | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | स्वास्थ्य उपचार सहयोग | ४३ | ९८ | १४१ |
| २ | मनोसामाजिक मनोविमर्श | २१८ | ३३९ | ५५७ |
| ३ | पारिवारिक परामर्श | २३१ | २७६ | ५०७ |
| ४ | अल्पकालिन आश्रय वा अस्थायी संरक्षण सेवा | ८३ | १२७ | २१० |
| ५ | कानूनी परामर्श | ६३ | १७९ | २४२ |
| ६ | शैक्षिक सहयोग | ३९ | ७९ | ११८ |
| ७ | आयआर्जन सहयोग | ० | ० | ० |
| ८ | बाल विवाह रोकथाम सहयोग | १३ | ३८ | ५१ |
| ९ | अन्य सहयोग | १२४ | १५७ | २८१ |
| | जम्मा | ८१४ | १२९३ | २१०७ |

(घ) काठमाडौं जिल्लाका शंखरापुर, बुढानीलकण्ठ, कागेश्वरीमनहरा, नागार्जुन, भक्तपुर जिल्लाको मध्यपुर ठिमी नगरपालिका, कास्की जल्लाको पोखरा महानगरपालिका र दोलखाको भिमेश्वर नगरपालिकाका गरी जम्मा १५ वटा बालगृहको स्थलगत अनुगमन गरिएको थियो जसमा ४१६ (बालक १३४ र बालिका २८२) जना बालबालिका संरक्षित रहेका छन् । असोज महिनामा परिवार तथा अभिभावक भएका बालबालिकालाई पारिवारिक लेखाजोखा गरी परिवारमा नै पुनर्स्थापना गर्ने कार्य अन्तर्गत परिषद्सँगको समन्वयमा परिवारमा फर्कने वातावरण भएका ७३ जना (३५ बालक र ३८ बालिका) बालबालिकालाई ६ वटा बालगृहहरुले पारिवारिक पुनर्स्थापना गरेका छन्।

(ङ) मिति २०७८।०६।१६ गते भारतको विभिन्न स्थानबाट राष्ट्रिय बाल अधिकार परिषदको समन्वय र शक्ति समूहको पहलमा नेपाल फर्काइएका १२ जना बालकहरू मध्ये ९ जनालाई परिषद्, प्रदेश २ बालबालिका खोजतलास समन्वय केन्द्र १०४ जनकपुरको समन्वय र ग्रामिण विकस केन्द्र (RDC) को सहयोगमा जिल्ला प्रहरी कार्यालय, रौतहटका प्रहरी उपरीक्षक श्री विनोद घिमिरे, सशस्त्र प्रहरी निरीक्षक, गुल्मा प्रमुख, आर.डि.सी. नेपालका अध्यक्ष पारस हुसेन, पत्रकार महासंघ रौतहटका अध्यक्ष लगायतका व्यक्तित्वहरूको रोहवरमा उद्धार गरी ल्याइएका बालबालिकालाई सम्बन्धित अभिभावकको जिम्मा लगाइयो ।

(च) मिति २०७८।०६।१२ गते झापा जिल्लाको भद्रपुर नगरपालिका वडा नं.५ मा मिति २०७८।०६।०७ गते स्थानीय कृषि फर्ममा ११ वर्षिया बालिका पसेको आरोपमा बालिकालाई खावामा बाँधी कुटपिट गरिएको विषयमा राष्ट्रिय मानव अधिकार आयोग प्रदेश कार्यालय विराटनगर र राष्ट्रिय बाल अधिकार परिषदवाट संयुक्त अनुगमन गरिएको छ । अनुगमनका क्रममा नगरपालिकाको कार्यपालिका, बालबालिका, पीडित बालिका तथा नीजका परिवार, स्थानीय वडा प्रहरी कार्यालयसँग छलफल गरिएको थियो ।



(छ) मिति २०७८/०६/२७ गते विराटनगर ९ मोरङ्बाट फेला परेकी वर्ष ७ की बालिका र २५ गते झापा जिल्ला अर्जुनधारा नगरपालिकामा सडकमा आश्रित १५ वर्षका बालकलाई वडा प्रहरी कार्यालयको समन्वयमा राष्ट्रिय बाल अधिकार परिषद्, बालबालिका खोजतलास समन्वय केन्द्र १०४ बाट उद्धार गरी अस्थायी संरक्षण प्रदान गरिएको छ ।

(ज) मिति २०७८ असोज १८ गते झापा जिल्ला अर्जुनधारा नगरपालिका वडा नं.१ का वर्ष १० का बालक वेवारिसे अवस्थामा अर्जुनधारा स्थित सनिश्चरे प्रहरी चौकीले फेला पारी बालबालिका खोजतलास केन्द्र १०४ लाई सूचना प्रदान गरेपश्चात राष्ट्रिय बाल अधिकार परिषद्, बालबालिका खोजतलास समन्वय केन्द्र १०४ विराटनगरबाट उद्धार गरी अस्थाई संरक्षण प्रदान गरिएको छ ।

(झ) मिति २०७८ असोज १७ गते मोरङ्ग जिल्लाको बेलवारी नगरपालिकामा केही समय अगाडि घटेको बुवाद्वारा १४ वर्षिया छोरीको जवरजस्ती करणीको घटनामा पीडित बालिकालाई राष्ट्रिय बाल अधिकार परिषद्बाट मिति २०७८।०६।१३ गते प्रत्यक्ष भेटगरी बालिकालाई अस्थायी संरक्षण प्रदान गर्न आवश्यक देखिएकोले परिषद्को समन्वय र सहजीकरणमा बालहेल्पलाईन नं.१०९८ मोरङ्गमा अस्थायी संरक्षण प्रदान गरिएको छ ।

(ञ) मिति २०७८ साल असोज १५ गते अर्घाखाँचीमा आमाको हत्या गरी बाबु कानुनी कारवाहिमा परे पश्चात संरक्षण बिहिन हुनपुगेका ३, ५ र ७ वर्षको २ बालक र १ बालिकालाई राष्ट्रिय बाल अधिकार परिषद्को समन्वय बालहेल्पलाइन १०९८ बुटवलको पहलमा तत्काल संरक्षण व्यवस्थापन गरिएको छ ।

(ट) मिति असोज १५ गते कागेश्वरी मनोहरा न.पा. वडा नं. ६ सिर्जनाटोलमा डेरागरी बस्ने एक दम्पतीले आफ्नै १० वर्षको छोरालाई कुटपिट गर्ने, खानलाउन नदिने, हेला गर्ने गरेको लगायतका सूचनाको आधारमा बालकको अवस्था अनुगमन गर्दा बाबुआमा दुबैले शारीरिक तथा मानसिक यातना दिने गरेको बुझिन आएकोले राष्ट्रिय बालअधिकार परिषद्, कागेश्वरी मनोहरा न.पा, वडा कार्यालय, बालबालिका खोज तलास समन्वय केन्द्र १०४ र स्थानीय प्रहरीको संयुक्त टोलीले तत्काल बालकको उद्धार गरी अस्थायी संरक्षण केन्द्रमा व्यवस्थापन गरेको छ । आफ्नै छोरालाई कुटपिट गर्ने बाबुआमामाथि अनुसन्धान तथा छानविन प्रक्रिया अगाडि बढाइएको छ ।

## ४· समन्वय, अभिमूखीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरू

(क) मिति २०७८ असोज २२ गते (८ अक्टोबर २०२१)का दिन अन्तर्राष्ट्रिय बालिका दिवस ११ अक्टोबर २०२१को सन्दर्भमा "Digital Generation, our Generation" (डिजिटल पुस्ता, हाम्रो पुस्ता) भन्ने अन्तर्राष्ट्रिय नाराका साथ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्को आयोजनामा सरोकारवाला र बालिकाहरु बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रमको अध्यक्षता परिषद्का कार्यकारी निर्देशक मिलनराज धरेलले गर्नु भएको थियो भने मन्त्रालयको सचिव यमकुमारी खतिवडाको प्रमुख आतिथ्यता, परिषद् सदस्य श्री इन्दिरा योञ्जन, मन्त्रालयका माहाशाखा प्रमुख श्री उमेश ढुङ्गाना, पत्रकारहरु, नागरिक सङ्गठन सञ्जालका अध्यक्ष, संयोजक तथा प्रतिनिधि र बालबालिका सहित ६१ जनाको उपस्थितिमा बालिका प्रतिनिधि श्री पवित्रा लकाईले बालिकाका समसामयिक विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रममा सडक बालबालिकाका लागि राष्ट्रिय बाल अधिकार परिषद्ले खेलकुदमा अग्रसर गराउनका लागि थालनी गरेको सडकदेखि रङ्गशालासम्म कार्यक्रमको परिषद् र नेपाल रग्बी संघ बीच सम्झौता हस्ताक्षर र राष्ट्रिय बाल दिवसका अवसरमा आयोजित “संघीय नेपालमा बाल अधिकार” विषयक भिडियो निर्माण कार्यक्रमका प्रथम र द्धितीय स्थान हासिल गर्न सफल बालबालिकालाई नगद पुरस्कार सहित प्रमाणपत्र प्रदान गरिएको छ ।



(ख) मिति २०७८ असोज २० गतेका दिन राष्ट्रिय बाल अधिकार परिषदको आयोजना र शक्ति समूहको प्राविधिक सहयोगमा कास्की जिल्ला स्थित बालगृह तथा अस्थाई संरक्षण केन्द्रका संचालक तथा व्यवस्थापकहरुलाई आवासीय बालगृह संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०६९ र बालबालिका सम्बन्धी विद्यमान

कानूनी व्यवस्था बारेमा अभिमूखीकरण गरियो । सो कार्यक्रममा महानगरपालिकाका महिला विकास अधिकृत श्री बिष्णुमाया पौडेल, १९ बालगृहबाट २४ जना र अन्य सहभागी समेत गरी ३२ जनाको सहभागिता रहेको थियो ।



(ग) मिति २०७८-०६-१९ गतेका दिन शक्ति समूहको आयोजनामा सुरक्षाको लागि साथ साथ परियोजना अन्तर्गत राष्ट्रिय बाल अधिकार परिषद्को सहजीकरणमा पोखरा महानगरपालिका उपप्रमुख एवं स्थानीय बाल अधिकार समितिका संयोजक श्री मन्जु गुरुङज्यूको आतिथ्यतामा ३३ वटै वडा कार्यलयका वडाध्यक्षलाई बाल संरक्षण तथा मानव बेचबिखन विरुद्ध स्थानीय सरकारको काम कर्तव्य र अधिकार सम्बन्धी अभिमूखीकरण तथा छलफल कार्यक्रम सम्पन्न भयो ।



(घ) मिति २०७८ असोज १७ र १९ गते महिलाऽ बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बालअधिकार परिषद्को संयुक्त आयोजनामा संयुक्त राष्ट्रसंघको बाल अधिकार समितिमा नेपालको तर्फबाट पेश गरिने बालबालिका सम्बन्धी आवधिक प्रतिवेदन (छैठौ र सातौ) को मस्यौदा माथि नेपालका मानव अधिकारसँग सम्बन्धित संवैधानिक आयोग, प्रदेश सरकार, बालबालिका, नागरिक सङ्गठन सञ्जाल तथा बालबालिकाका क्षेत्रमा क्रियाशील व्यक्तित्वहरु, परिषद्का विज्ञ समूह सदस्य, उपसमिति सदस्य र विकासका साझेदार संस्था लगायत ३२५ जनाका बीच परामर्श कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा उपलब्ध भएका सुझावहरुलाई समेटेर बाल अधिकार सम्बन्धी आवधिक प्रतिवेदन पेश गरिने छ ।





(ङ) मिति २०७८/०२/२९ गते खाँदबारी नगरपालिका वडा नम्बर १० मट्याङ्रे भन्ने स्थानको देबराज थापाको खेतमा खेती गर्ने प्रयोजनको लागि बनाएको कटेरा आगलागी भइ उक्त कटेरामा बसि खेतीकिसानी, ज्याला मजदुरी गरि परिवारको जिबिका चलाई रहेका परज कुबेर राईको सम्पुर्ण धनमाल तथा खाद्यान्न जलि नष्ट भएको र नजिकिएको दशैको बेला निजको बालबच्चालाई लालनपालनमा समस्या भएको हुँदा तत्कालीन खाध्यान्न व्यवस्थापनका लागि राष्ट्रिय बाल अधिकार परिषद, बाल हेल्पलाइन नम्बर १०९८ (दस नौ आठ ) संखुवासभा ले आज मिति २०७८/०६/२४ गते खाँदबारी नगरपालिका वडा नम्बर १० का वडा अध्यक्ष श्री केशबराज सिं थापाको रोहवरमा खाध्यान्न सामग्री सहयोग स्वरुप वितरण गरेको छ ।उक्त सहयोगले आगलागी पीडित राईका ३ जना छोरीहरुलाई प्रत्यक्ष लाभ पुग्ने छ । निज राईका १२ वर्ष , १० वर्ष र ७ वर्षका छोरीहरु रहेका छन ।




(च) परिषद्ले सञ्चालन गरेको अनुशिक्षण पश्चात र निरन्तर स्थानीय तहको आफ्नो प्रयासमा हालसम्म बाल अधिकारको कार्यन्वयनका लागि १९१ (प्रदेश नं. १ मा ६४, प्रदेश नं. २ मा १७, बागमति प्रदेशमा ६६, गण्डकी ८, लुम्बिनीमा १४, कर्णाली प्रदेशमा १६ र सुदूरपश्चिममा ६) वटा स्थानीय तहमा बाल संरक्षण कार्यविधि निर्माण गरी लागू गरिएको छ। यसैगरी १३८ (प्रदेश नं. १ मा २७, प्रदेश नं. २ मा १६, कर्णाली प्रदेशमा १६, बागमती प्रदेशमा ५६, गण्डकीमा ८, लुम्बिनी प्रदेशमा ८ र सुदूरपश्चिममा ७) वटा स्थानीय बाल अधिकार समिति गठन भएको छ । यसका साथै ५७ (प्रदेश नं. १ मा ८, प्रदेश नं. २ मा ९, बागमति प्रदेशमा २०, लुम्बिनी प्रदेशमा ४, गण्डकी ३, कर्णाली प्रदेशमा ११ र सुदूरपश्चिममा २) वटा स्थानीय तहमा बालकल्याण अधिकारी तोक्ने तथा नियुक्त गर्ने कार्य भएको छ भने विभिन्न विपद् र महामारीमा आपतकालीन उद्धार तथा सहायता प्रदान गर्नका लागि १४१

(प्रदेश नं. १ मा २७, प्रदेश नं. २ मा ७, बागमती प्रदेशमा ६३, गण्डकी प्रदेशमा ११, लुम्बिनी प्रदेशमा १३, कर्णाली प्रदेशमा ११ र सुदूरपश्चिममा ९) वटा स्थानीय तहमा बालकोष निर्माण गरी आवश्यकता अनुसार परिचालन भएको छ ।


## ५. कोभिड महामारी सम्बोधनका क्रममा सञ्चालित विशेष कार्यक्रम

क) कोभिड–१९ को महामारी शुरू भएदेखि २०७७ असोज ३१ गतेसम्म २० वर्षसम्मका ७४ हजार ७ सय ९५ जना बालबालिका (किशोरकिशोरी) प्रभावित भएको देखिएको छ भने १० वर्षसम्मका १९ हजार १ सय ७४ जना बालबालिका (बालक ११९३८ र बालिका ८०३६) प्रभावित भएको देखिन्छ । कोभिडको पहिलो भेरियन्टका कारण ३८ जना र दोस्रो भेरियन्टका कारण ५० गरी जम्मा ८८ जना बालबालिकाको कोभिडका कारण ज्यान गुमाउनु परेको छ । कोभिडका कारण प्रभावित बालबालिकाको तथ्याङ्क तलको ग्राफमा प्रस्तुत गरिएको छ ।











## सूचना व्यवस्थापन तथा प्रतिवेदन सम्बन्धी

(क) परिषद्ले सञ्चालन गरिरहेको बालबालिका सम्बन्धी ई-पोर्टल र विभिन्न पत्रपत्रिकामा प्रकाशनमा आएका १५ वटा बालबालिका सम्बन्धी समाचारहरू अद्यावधिक गरी सोको विश्लेषण गरिएको छ । यस सम्बन्धी विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । यस अवधीमा विभिन्न सञ्चार माध्यममा आएका बालबालिकाको अधिकार उल्लंघन तथा हिंसा एवं जोखिम सम्बन्धी समाचारहरूको आधारमा परिषद्ले सम्बन्धित निकायहरूसँगको समन्वयमा आवश्यकता अनुसार स्थानीय तह, प्रहरी प्रशासन, बाल हेल्पलाइन १०९८, बालबालिका खोजतलास केन्द्र (१०४), श्रम कार्यालय लगायतका सरोकारवाला निकायसँग समन्वय गरी घटना व्यवस्थापनमा सहजीकरण गरिएको छ ।




***राष्ट्रिय बाल अधिकार परिषद्को बालबालिका सम्बन्धी नीतियोजना तथा सञ्चालित , ,कार्यक्रमहरूको बारेमा थप सूचना जानकारीको लागिपरिषद्मा कार्यालय समयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।***


रामबहादुर चन्द
सूचना अधिकारी
राष्ट्रिय बाल अधिकार परिषद्
सम्पर्क नं (कार्यालय) ५५५०१२१-०१ .
९८४१३८६८७१ म)ो(.
इमेलः- ram@ncrc.gov.np, rambdrchand@gmail.com, contact@ncrc.gov.np
वेवसाइटः-www.ncrc.gov.np,
ई-पोर्टलः- www.childrights.gov.np
Facebook:- https://www.facebook.com/ncrc.nepal.5, https://www.facebook.com/ncrcnepalgov
Twitter:- https://twitter.com/ChildNcrc